# सम्पादकीय

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रशासन जर्नल प्रकाशन सम्बन्धी कार्यविधि, २०८० बमोजिम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा प्रकाशित हुने जर्नलको ढाँचामा प्रशासन जर्नलको १३९औं अङ्क प्रकाशन गरिएको छ। सार्वजनिक प्रशासन तथा सार्वजनिक व्यवस्थापन, सार्वजनिक नीति तथा विकास नीति, विकास प्रशासन तथा व्यवस्थापन, आर्थिक तथा सामाजिक विकास, शासन प्रणाली, शासकीय सुधार, सुशासन, सार्वजनिक सेवा प्रवाह, सार्वजनिक प्रशासनमा सदाचार, शिष्टाचार र सकारात्मक सोँच लगायत समसामयिक विषय क्षेत्रहरुलाई जर्नलमा समावेश गर्ने कार्यविधिको व्यवस्था बमोजिम विभिन्न विचारमूलक तथा अनुसन्धानमूलक/तथ्यमूलक लेख/रचना यस अङ्कमा समावेश गरी पाठकसमक्ष पुऱ्याउन पाउँदा हामीलाई अत्यन्त खुसी लागेको छ।

लेख/रचनाको विषयविज्ञ समीक्षा (Peer Review) तथा बौद्धिक चोरी परीक्षण (Plagiarism Check) सहित प्रकाशित प्रशासन जर्नल प्राज्ञिक क्षेत्रको रोजाईमा पर्ने विश्वास हामीले लिएका छौं। डिजिटल प्रविधिको बढ्दो प्रयोगसँगै पाठक वर्गको सहज पहुँचमा पुऱ्याउन जर्नललाई विगतदेखि नै NepJOL (Nepal Journals Online) मा आबद्ध गरिएको छ। यसले गर्दा लेखक र पाठकहरुमाझ जर्नलप्रतिको रुचिमा बढोत्तरी भएको हामीले पाएका छौं।

सार्वजनिक चासो र सरोकारलाई नजिकबाट हेर्दै आउनु भएका बौद्धिक पाठकहरूको रोजाइमा यस जर्नललाई पुऱ्याउन समयानुकूल परिमार्जन र परिस्कृत गर्रिंदै आइएको छ। आगामी दिनमा यस जर्नललाई सार्वजनिक प्रशासन क्षेत्रको स्तरीय प्राज्ञिक जर्नलको रुपमा विकास गरी अझ पठनीय बनाउन सार्वजनिक प्रशासन सम्बद्ध अध्ययन अनुसन्धानमा रुचि राख्ने सबै बौद्धिक वर्ग तथा पाठकहरूका पृष्ठपोषण हाम्रा लागि मार्गदर्शन हुनेछन्। यस अङ्कका लेखहरुको भाषा सम्पादन गरिदिनु भएका त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक शक्तिराज नेपाल प्रति हार्दिक आभार व्यक्त गर्दछौं।

## प्रकाशकीय तथा सम्पादकीय नीति

(क) प्रायोगिक, अनुसन्धानमूलक, तथ्यपरक, सैद्धान्तिक अवधारणामूलक एवम् मौलिक लेख/रचना तथा कृति समीक्षालाई प्राथमिकता दिइनेछ।

(ख) लेखकबाट प्राप्त भएको लेखको पाण्डुलिपी तथा लेखकको परिचय लगायतका विषय जर्नल प्रकाशन पूर्व सम्पादन मण्डल तथा जर्नल प्रकाशनका क्रममा खटिने कर्मचारी बाहेक गोप्य रहनेछ। अस्वीकृत लेख/रचना तथा लेखकको परिचय सार्वजनिक गरिने छैन।

(ग) प्रकाशनका लागि लेख/रचना स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सम्पादन मण्डलमा रहनेछ। अस्वीकृत भएका लेखका लेखकलाई सोको जानकारी गराइनेछ।

(घ) सम्पादन मण्डलबाट स्वीकृत सबै लेख एकै अङ्क वा पछिल्लो अङ्कमा क्रमश: प्रकाशन गर्न सकिनेछ।

(ङ) प्रकाशनका लागि छनौट हुने सबै लेखको विषयविज्ञ समीक्षा (Peer Review) गरिनेछ।

(च) प्रकाशनमा औपचारिक भाषाशैली प्रयोग गरिनेछ। कुनै व्यक्ति वा समुदाय वा सम्प्रदाय विशेषको प्रतिष्ठामा आँच पुग्ने गरी लेखिएका लेख/रचना समावेश गरिने छैन।

(छ) कुनै राजनैतिक विचारप्रति प्रत्यक्ष झुकाव राख्ने लेख/रचना प्रकाशनमा समावेश गरिने छैन।

(ज) अन्यत्र प्रकाशन भइसकेको लेख/रचना स्वीकार गरिने छैन।

(झ) अन्यत्र प्रकाशित लेख रचनाको कुनै अंश वा खण्ड हुबहु नक्कल गरेको लेख/रचना समावेश गरिने छैन। तर त्यस्ता लेख रचनाको कुनै अंश वा खण्ड लेख/रचनामा समावेश गर्दा तोकिएको ढाँचामा अनिवार्य रुपमा स्रोत खुलाउनु पर्नेछ।

(ञ) प्राप्त लेख/रचनाको बौद्धिक चोरी परीक्षण (Plagiarism Check) गरिनेछ। यस्तो परीक्षणमा असफल लेख/रचनालाई समावेश गरिने छैन।

(ट) संयुक्त रूपमा लेखिएका लेख रचनामा मूल लेखक तथा सहलेखकको परिचय तथा आबद्धता स्पष्ट रूपमा खुलाउनुपर्नेछ।

(ठ) प्रचलित नेपाल कानुन, सरकारका घोषित नीति तथा कार्यक्रम प्रतिकूलका लेख/रचना जर्नलमा समावेश गरिने छैन। तर उल्लिखित विषयमा अनुसन्धानमूलक, तथ्यपरक र आलोचनात्मक दृष्टिले लेखिएका लेख/रचना समावेश गर्न बाधा पुग्ने छैन।

(ड) प्रकाशित हुने लेख/रचनाको प्रतिलिपि अधिकार प्रचलित कानुनबमोजिम मन्त्रालयसँग रहनेछ।

(ढ) प्रकाशित लेख/रचनामा व्यक्त धारणा सम्बन्धित लेखकको निजी धारणा हुनेछ। यसप्रति प्रकाशक तथा सम्पादन मण्डल जवाफदेही हुने छैन।

## लेख रचनाका प्राथमिकताको विषयक्षेत्र

(क) सार्वजनिक प्रशासन तथा सार्वजनिक व्यवस्थापन,

(ख) सार्वजनिक नीति तथा विकास नीति,

(ग) विकास प्रशासन तथा व्यवस्थापन,

(घ) आर्थिक तथा सामाजिक विकास,

(ङ) शासन प्रणाली,

(च) शासकीय सुधार,

(छ) सुशासन,

(ज) सार्वजनिक सेवा प्रवाह,

(झ) सार्वजनिक प्रशासनमा सदाचार, शिष्टाचार र सकारात्मक सोच,

(ञ) समसामयिक अन्य विषयहरु ।

# विषयसूची

शीर्षक

नेपाली खण्ड


**नेतृत्व विकासमा सनातन ग्रन्थको मार्गदर्शन** १-१४
*कमल प्रसाद भट्टराई*

**नेपालमा सार्वजनिक प्रशासन र यसको अर्थराजनीति** १५-३२
*डा. गोपीकृष्ण खनाल*

**सुशासन र सदाचार: आवश्यकता र व्यवहार** ३३-४४
*ठाकुरप्रसाद बस्ताकोटी*

**नेपालको आर्थिक विकासको  रोडम्यापः वर्तमान अवस्था र भावी दिशा** ४५-६४
*तीर्थराज राई*

**नेपालमा सन्तुलित बसोबास र व्यवस्थित सहरीकरण :  नीति र नतिजा** ६५-७९
*राजेशबाबु घिमिरे*

**नेपालको सार्वजनिक प्रशासनसम्बन्धी नीति तर्जुमामा अनुसन्धानको प्रयोग** ८०-९४
*हरि प्रसाद उपाध्याय*


अङ्ग्रेजी खण्ड


**Energy Security Strategy for Nepal** 95-103
*Chhabindra Parajuli*

**Socio-Anthropological Analysis of Vulnerability Assessment and Polycentric Disaster Governance** 104-122
*Kedar Satyal*

**Foreign Trade as a major aspect of National Security: Does it apply to Nepal?** 123-134
*Lila Prasad Sharma*

**Digitalization of Government Services and Citizen Satisfaction: A Case Study in Dhankuta District, Nepal** 135-152
*Pradeep Phuyal*

**An analysis of the determinants of Foreign Direct Investment (FDI) inflow in Nepal** 153-166
*Sushil Lamsal*